२०८३ सालको कार्यविधि नं. ३

# हेटौंडा राजपत्र

हेटौंडा उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्ड: १० | संख्या: ३ | मिति:२०८३।०३।१९

## भाग- ३

**हेटौंडा उपमहानगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## हेटौंडा उपमहानगरपालिका

## अटो भिलेज स्थापना, सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३

**प्रस्तावना:**

हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र अव्यवस्थित रूपमा सञ्चालन भइरहेका अटोमोबाइल मर्मत, वर्कशप, धुलाई केन्द्र, स्पेयर पार्ट्स, पेन्टिङ, टायर सेवा, पार्किङ तथा अन्य अटोसम्बन्धी व्यवसायलाई एकीकृत, व्यवस्थित, सुरक्षित, वातावरणमैत्री तथा प्रभावकारी रूपमा सञ्चालन गर्न, सडक अतिक्रमण तथा वातावरणीय प्रदूषण न्यूनीकरण गर्न, व्यवसायी तथा सेवाग्राहीको हित संरक्षण गर्न तथा आधुनिक अटो सेवा केन्द्रको विकास एवं प्रवर्द्धन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११, दफा १०२ तथा प्रचलित कानून बमोजिम हेटौंडा उपमहानगरपालिकाले यो कार्यविधि जारी गरेको छ ।

### परिच्छेद–१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "हेटौंडा उपमहानगरपालिका अटो भिलेज स्थापना, सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३" रहेको छ ।

(२) यो कार्यविधि हेटौंडा उपमहानगरपालिकाको कार्यपालिका बैठकबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

हेटौंडा राजपत्र

(३) यो कार्यविधि हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र लागू हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,—

(क) "उपमहानगरपालिका" भन्नाले हेटौंडा उपमहानगरपालिकालाई सम्झनुपर्छ ।

(ख) "कार्यपालिका" भन्नाले हेटौंडा उपमहानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्छ ।

(ग) "प्रमुख" भन्नाले हेटौंडा उपमहानगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले हेटौंडा उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ङ) "अटो भिलेज" भन्नाले सवारीसाधन मर्मत, सेवा, धुलाई, पार्किङ, स्पेयर पार्ट्स बिक्री तथा अटोमोबाइलसम्बन्धी अन्य सेवा सञ्चालन गर्न उपमहानगरपालिकाले तोकेको वा स्वीकृत गरेको क्षेत्रलाई सम्झनुपर्छ ।

(च) "समिति" भन्नाले दफा १२ बमोजिम गठित अटो भिलेज सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनुपर्छ ।

(छ) "व्यवसायी" भन्नाले अटो भिलेजभित्र अनुमति प्राप्त गरी व्यवसाय सञ्चालन गर्ने व्यक्ति, फर्म, उद्योग, कम्पनी वा संस्थालाई सम्झनुपर्छ ।

(ज) "सेवा प्रदायक" भन्नाले ग्यारेज, वर्कशप, इलेक्ट्रिकल, वासिङ, पेन्टिङ, डेन्टिङ, टायर सेवा, रिकभरी सेवा, लिफ्टिङ्ग एण्ड टोईङ्ग, पार्टपूर्जा बिक्री वा अन्य अटोसम्बन्धी सेवा दिने व्यक्ति वा संस्थालाई सम्झनुपर्छ ।

(झ) "अनुमतिपत्र" भन्नाले यस कार्यविधि बमोजिम जारी गरिएको व्यवसाय सञ्चालन अनुमति पत्रलाई सम्झनुपर्छ ।

(ञ) "फोहोरमैला" भन्नाले अटो भिलेजबाट उत्पादन हुने ठोस, तरल, धातुजन्य, रासायनिक तथा जोखिमयुक्त फोहोरलाई सम्झनुपर्छ ।

(ट) "जोखिमयुक्त फोहोर" भन्नाले प्रयोग भइसकेको मोबिल, ब्याट्री, पेन्ट, एसिड, केमिकल तथा वातावरणमा असर पार्ने पदार्थलाई सम्झनुपर्छ ।

(ठ) "वातावरणीय मापदण्ड" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा उपमहानगरपालिकाले तोकेको वातावरण संरक्षणसम्बन्धी मापदण्डलाई सम्झनुपर्छ ।

**३. उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहायबमोजिम हुनेछः

(क) अटोसम्बन्धी व्यवसायलाई व्यवस्थित र एकीकृत बनाउने,

(ख) सुरक्षित, स्वच्छ र वातावरणमैत्री सेवा प्रणाली विकास गर्ने,

(ग) सडक किनार तथा सार्वजनिक स्थानमा हुने अव्यवस्थित मर्मत तथा पार्किङ नियन्त्रण गर्ने,

(घ) व्यवसायिक अनुशासन तथा सेवा गुणस्तर अभिवृद्धि गर्ने,

(ङ) स्वरोजगार तथा उद्यमशीलता प्रवर्द्धन गर्ने,

(च) सेवाग्राहीको हित संरक्षण गर्ने,

(छ) आधुनिक तथा प्रविधिमैत्री अटो हबको विकास गर्ने,

(ज) विद्युतीय सवारी सेवा प्रवर्द्धन गर्ने,

(झ) स्थानीय राजस्व अभिवृद्धि गर्ने,

(ञ) नगरको सौन्दर्य तथा वातावरण संरक्षण गर्ने ।

**४. कार्यक्षेत्रः** यो कार्यविधि हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र स्थापना तथा सञ्चालन हुने सम्पूर्ण अटो भिलेज तथा सो अन्तर्गतका व्यवसायमा लागू हुनेछ ।

**५. मार्गदर्शक सिद्धान्तः** अटो भिलेज सञ्चालन गर्दा देहायका सिद्धान्त अवलम्बन गरिनेछः

(क) वातावरणीय दिगोपना,

(ख) सार्वजनिक सुरक्षा,

(ग) सुशासन तथा पारदर्शिता,

(घ) सेवाग्राहीमैत्री सेवा,

(ङ) श्रमिक सुरक्षा,

(च) समावेशिता तथा व्यवसायिक प्रतिस्पर्धा ।

## परिच्छेद–२

## अटो भिलेज स्थापना तथा पूर्वाधार विकास

**६. अटो भिलेज स्थापनाः** (१) उपमहानगरपालिकाले आवश्यक अध्ययन तथा सम्भाव्यता विश्लेषणका आधारमा अटो भिलेज स्थापना गर्न सक्नेछ ।

(२) अटो भिलेज स्थापना गर्दा देहायका विषयलाई आधार मानिनेछः

(क) यातायात पहुँच,

(ख) जनघनत्व र बस्ती व्यवस्थापन,

(ग) वातावरणीय प्रभाव,

(घ) फोहोर व्यवस्थापनको सम्भावना,

(ङ) खुला क्षेत्र तथा पार्किङ,

(च) विपद् जोखिम न्यूनीकरण,

(छ) भविष्यको विस्तार सम्भाव्यता ।

**७. पूर्वाधार मापदण्डः** अटो भिलेजभित्र न्यूनतम रूपमा देहायका पूर्वाधार हुनुपर्नेछः

(क) पक्की आन्तरिक सडक,

(ख) ढल तथा पानी निकास,

(ग) विद्युत तथा वैकल्पिक ऊर्जा व्यवस्था,

(घ) शुद्ध खानेपानी,

(ङ) सार्वजनिक शौचालय,

(च) पार्किङ स्थल,

(छ) प्रतीक्षालय,

(ज) फोहोर संकलन तथा प्रशोधन केन्द्र,

(झ) सीसीटिभी तथा सुरक्षा व्यवस्था,

(ञ) अग्नि नियन्त्रण प्रणाली,

(ट) हरियाली तथा खुला क्षेत्र,

(ठ) अपाङ्गमैत्री संरचना ।

(ड) सुलभ क्यान्टिन ।

**८. संरचना निर्माण सम्बन्धी व्यवस्थाः** (१) अटो भिलेजभित्र व्यवसायी बाट निर्माण गरिने भवन तथा संरचना प्रचलित भवन संहिता तथा मापदण्डअनुसार हुनुपर्नेछ ।

(२) अनुमति विना स्थायी वा अस्थायी संरचना निर्माण गर्न पाइने छैन ।

(३) व्यवसाय सञ्चालनका लागि छुट्याइएको स्थान अन्य प्रयोजनमा प्रयोग गर्न पाइने छैन ।

## परिच्छेद–३

## सञ्चालन अनुमति तथा दर्ता सम्बन्धी व्यवस्था

**९. अनुमति लिनुपर्नेः** (१) अटो भिलेजभित्र कुनै पनि व्यवसाय सञ्चालन गर्नुअघि उपमहानगरपालिकाबाट अनुमति लिनुपर्नेछ ।

(२) अनुमति विना व्यवसाय सञ्चालन गर्न पाइने छैन ।

**१०. निवेदन तथा कागजातः** (१) अनुमति प्राप्त गर्न देहायका कागजात संलग्न गरी निवेदन दिनुपर्नेछः

(क) नागरिकता वा कम्पनी दर्ता प्रमाणपत्र,

(ख) प्यान/भ्याट दर्ता प्रमाणपत्र,

(ग) कर चुक्ता प्रमाणपत्र,

(घ) व्यवसाय योजना,

(ङ) वातावरणीय व्यवस्थापन योजना,

(च) प्राविधिक जनशक्तिको विवरण,

(छ) सम्बन्धित निकायको सिफारिस,

(ज) समितिले तोकेको अन्य विवरण ।

(२) गैर नेपाली व्यवसायीको हकमा प्रचलित नेपाल कानून र हेटौंडा उपमहानगरपालिकाबाट व्यवसाय दर्ता गर्दा अपनाउने कार्यविधि प्रयोग गरिनेछ ।

**११. अनुमति प्रदान गर्ने प्रक्रियाः** (१) प्राप्त निवेदनमाथि आवश्यक जाँचबुझ तथा स्थलगत निरीक्षण गरिनेछ ।

(२) मापदण्ड पूरा भएको पाइएमा समितिले अनुमति प्रदान गर्नेछ ।

(३) अनुमति पत्रको अवधि एक आर्थिक वर्षको हुनेछ ।

**१२. अटो भिलेज सञ्चालन तथा व्यवस्थापन समितिः** (१) अटो भिलेज सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिम समिति गठन हुनेछः

(क) नगर प्रमुख – अध्यक्ष

(ख) उपप्रमुख – उपाध्यक्ष

(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(घ) ट्राफिक प्रहरी कार्यालयको प्रतिनिधि – सदस्य

(ङ) उद्योग वाणिज्य संघ प्रतिनिधि – सदस्य

(च) अटो मोबाईल एसोसियसनको प्रतिनिधि एकजना – सदस्य

(छ)अटोमेकानिक तथा ईन्जिनियरिङ्ग एसोसिएसनको प्रतिनिधि- सदस्य

(छ) यातायात व्यवसायि संघको प्रतिनिधी सदस्य

(ज) आर्थिक विकास महाशाखा प्रमुख- सदस्य सचिव

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(३) आवस्यक्ता अनुसार सम्बन्धित कर्मचारी तथा बिज्ञ आमन्त्रण गर्ने सकिने छ।

**१३. समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) अटो भिलेज सञ्चालन तथा व्यवस्थापन गर्ने,

(ख) अनुमति पत्र जारी, नवीकरण, निलम्बन वा खारेज गर्ने,

(ग) सेवा तथा पूर्वाधार मापदण्ड निर्धारण गर्ने,

(घ) अनुगमन तथा निरीक्षण गर्ने,

(ङ) व्यवसायिक विवाद समाधान गर्ने,

(च) शुल्क तथा सेवा दर सिफारिस गर्ने,

(छ) वातावरणीय तथा सुरक्षा मापदण्ड लागू गराउने,

(ज) आवश्यक निर्देशिका तथा कार्ययोजना तयार गर्ने ।

**१४. अनुमति नवीकरणः** (१) प्रत्येक व्यवसायीले प्रत्येक आर्थिक वर्षभित्र अनुमति नवीकरण गर्नुपर्नेछ ।

(२) तोकिएको शुल्क नबुझाएसम्म नवीकरण गरिने छैन ।

(३) मापदण्ड उल्लङ्घन गरेको पाइएमा नवीकरण रोक्न सकिनेछ ।

## परिच्छेद–४

## व्यवसाय सञ्चालन तथा सेवा व्यवस्थापन

**१५. व्यवसाय सञ्चालन मापदण्डः** व्यवसायीले देहायका मापदण्ड अनिवार्य पालना गर्नुपर्नेछः

(क) व्यवसाय स्थल सफा र व्यवस्थित राख्ने,

(ख) श्रमिकलाई सुरक्षा सामग्री उपलब्ध गराउने,

(ग) अत्यधिक ध्वनि तथा धुवाँ नियन्त्रण गर्ने,

(घ) सार्वजनिक सडक वा फुटपाथ अतिक्रमण नगर्ने,

(ङ) तोकिएको स्थानमा मात्र मर्मत तथा पार्किङ गर्ने,

(च) आगलागी नियन्त्रणका उपकरण राख्ने,

(छ) सेवाग्राहीमैत्री व्यवहार गर्ने,

(ज) मूल्य सूची सार्वजनिक रूपमा राख्ने ।

**१६. श्रमिक सुरक्षा तथा स्वास्थ्यः** (१) व्यवसायीले श्रमिकको स्वास्थ्य तथा सुरक्षाको व्यवस्था गर्नुपर्नेछ ।

(२) व्यक्तिगत सुरक्षा सामग्री (PPE) अनिवार्य उपलब्ध गराउनुपर्नेछ ।

(३) प्राथमिक उपचार सामग्री तथा आकस्मिक उद्धार व्यवस्था राख्नुपर्नेछ ।

(४) वालश्रमको प्रयोगमा पूर्णरुपमा निषेध गरिने छ तर नेपाल सरकारको मान्यता शिक्षण संस्थाबाट प्रशिक्षणको क्रममा कार्यस्थल तालिम(On the job Training)को हकमा यस व्यवस्था आकर्षित हुने छैन।

(५) व्यवसायी लैङ्गिक संवेदनशिलता र कार्यास्थलमा हुने लैङ्गिक हिंसा प्रति सचेत रहनुपर्ने छ ।

**१७. पार्किङ तथा ट्राफिक व्यवस्थापनः** (१) सवारी साधन तोकिएको पार्किङ क्षेत्रमा मात्र राख्नुपर्नेछ ।

(२) आवागमनमा बाधा पुग्ने गरी पार्किङ गर्न पाइने छैन ।

(३) ट्राफिक व्यवस्थापन सम्बन्धी निर्देशनको पालना गर्नुपर्नेछ ।

**१८. ध्वनि तथा वातावरणीय प्रदूषण नियन्त्रणः** (१) अत्यधिक ध्वनि उत्पादन गर्ने उपकरण नियन्त्रणमा राख्नुपर्नेछ ।

(२) प्रयोग भइसकेको मोबिल, तेल वा रसायन नाली वा खुला स्थानमा फाल्न पाइने छैन ।

(३) वातावरणीय मापदण्ड विपरीत हुने कार्य गर्न पाइने छैन ।

**१९. फोहोरमैला व्यवस्थापन:** (१) व्यवसायीले उत्पादन गरेको फोहोर अनिवार्य रूपमा वर्गीकरण गरी व्यवस्थापन गर्नुपर्नेछ।

(२) जोखिमयुक्त फोहोर छुट्टै संकलन तथा सुरक्षित व्यवस्थापन गर्नुपर्नेछ ।

(३) पुनःप्रयोग तथा पुनर्चक्रणलाई प्राथमिकता दिनुपर्नेछ ।

## परिच्छेद–५

## आर्थिक तथा राजस्व व्यवस्था

**२०. शुल्क तथा दस्तुरः** (१) अनुमति, नवीकरण, सेवा तथा अन्य प्रयोजनका लागि उपमहानगरपालिकाले शुल्क निर्धारण गर्न सक्नेछ ।

(२) शुल्क दर उपमहानगरपालिकाको आर्थिक ऐनमा उल्लेख गरे बमोजिम हुनेछ ।

**२१. भाडा तथा सेवा शुल्कः** (१) अटो भिलेजभित्रको संरचना वा स्थान प्रयोग गरेबापत मासिक वा वार्षिक भाडा लाग्नेछ ।

(२) विद्युत, पानी, सरसफाइ तथा सुरक्षा सेवाको छुट्टै शुल्क लाग्न सक्नेछ ।

**२२. राजस्व व्यवस्थापनः** (१) अटो भिलेजबाट संकलित राजस्व उपमहानगरपालिकाको खातामा जम्मा गरिनेछ ।

(२) राजस्वको अभिलेख तथा लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेद–६

## अनुगमन, निरीक्षण तथा कारबाही

**२३. अनुगमन तथा निरीक्षणः** (१) उपमहानगरपालिका वा समिति वा सम्बन्धित सरकारी निकायले जुनसुकै समयमा अनुगमन गर्न सक्नेछ ।

(२) अनुगमनमा आवश्यक कागजात तथा विवरण उपलब्ध गराउनु व्यवसायीको कर्तव्य हुनेछ ।

**२४. उल्लङ्घन मानिने कार्यः** देहायका कार्य उल्लङ्घन मानिनेछः

(क) अनुमति बिना व्यवसाय सञ्चालन गर्ने,

(ख) वातावरणीय मापदण्ड उल्लङ्घन गर्ने,

(ग) सार्वजनिक क्षेत्र अतिक्रमण गर्ने,

(घ) जोखिमयुक्त फोहोर जथाभावी फाल्ने,

(ङ) सुरक्षा मापदण्ड पालना नगर्ने,

(च) गलत विवरण पेश गर्ने ।

**२५. कारबाहीः** (१) उल्लङ्घन गर्ने व्यवसायीलाई देहाय बमोजिम कारबाही गर्न सकिनेछः

(क) मौखिक वा लिखित चेतावनी,

(ख) रु. ५ हजारदेखि रु. १ लाखसम्म जरिवाना,

(ग) सेवा सञ्चालनमा रोक,

(घ) अनुमति निलम्बन,

(ङ) अनुमति खारेजी ।

(२) गम्भीर प्रकृतिको उल्लङ्घन भएमा प्रचलित कानून बमोजिम थप कारबाही गर्न सकिनेछ ।

**२६. क्षतिपूर्तिः** सार्वजनिक सम्पत्ति वा अटो भिलेजको संरचनामा क्षति पुर्‍याउने व्यक्तिबाट क्षतिपूर्ति असुल गरिनेछ ।

## परिच्छेद–७

## सेवा सुविधा, सामाजिक उत्तरदायित्व तथा बीमा

**२७. सेवाग्राही सुविधाः** (१) सेवाग्राहीका लागि प्रतीक्षालय, शौचालय तथा खानेपानीको व्यवस्था गर्नुपर्नेछ ।

(२) सेवा शुल्क तथा समय तालिका सार्वजनिक गर्नुपर्नेछ ।

**२८. बीमा व्यवस्थाः** व्यवसायीले आवश्यकतानुसार व्यवसाय, श्रमिक तथा तेस्रो पक्ष बीमा गर्नुपर्नेछ ।

**२९. सामाजिक तथा वातावरणीय उत्तरदायित्वः** (१) व्यवसायीले सरसफाइ तथा हरियाली कार्यक्रम सञ्चालनमा सहयोग गर्नुपर्नेछ ।

(२) प्लास्टिक तथा प्रदूषण न्यूनीकरण अभियानमा सहभागिता जनाउनु पर्नेछ ।

## परिच्छेद–८

## विवाद समाधान तथा पुनरावेदन

**३०. विवाद समाधानः** अटो भिलेजभित्र उत्पन्न विवाद समितिले आपसी समझदारीका आधारमा समाधान गर्नेछ ।

**३१. पुनरावेदनः** समितिको निर्णयउपर चित्त नबुझेमा निर्णय भएको मितिले ३५ दिनभित्र न्यायिक समितिमा पुनरावेदन दिन सकिनेछ ।

## परिच्छेद–९

## विविध

**३२. साझेदारी तथा सञ्चालन मोडेलः** उपमहानगरपालिकाले अटो भिलेज सञ्चालन तथा व्यवस्थापनका लागि निजी क्षेत्र, बैंक, सहकारी, उद्योग संघ तथा प्राविधिक संस्थासँग सहकार्य गर्न सक्नेछ।

**३३. प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख नभएको विषय प्रचलित संघीय, प्रदेश तथा स्थानीय कानून बमोजिम हुनेछ ।

**३४. सूचना प्रकाशनः** उपमहानगरपालिका क्षेत्रभित्र अटो व्यवसाय संचालन गरेर बसेका व्यवसायीहरुलाई उपमहामनगरपालिकाले अटोभिलेजमा व्यवसाय सञ्चालन गर्न ३५ (पैंतिस) दिनको सूचना प्रकाशन गर्न सक्ने छ ।

**३५. निर्देशिका तथा मापदण्ड बनाउन सक्नेः** उपमहानगरपालिकाले आवश्यक निर्देशिका, मापदण्ड वा कार्यदिश जारी गर्न सक्नेछ ।

**३६. बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

**३७. संशोधनः** यस कार्यविधिमा आवश्यक संशोधन कार्यपालिकाले गर्न सक्नेछ ।

**३८. खारेजी तथा बचाउः** (१) यस कार्यविधिसँग बाझिने पूर्व व्यवस्था खारेज हुनेछ ।

(२) यसअघि भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची—१
## व्यवसाय वर्गीकरण

१. गाडी मर्मत सेवा
२. हेभी इक्विपमेन्ट मर्मत
३. EV Repair Center
४. टायर सेवा
५. पेन्टिङ तथा डेन्टिङ
६. वेल्डिङ
७. स्पेयर पार्ट्स
८. धुलाई केन्द्र
९. लुब्रिकेन्ट सेवा

## अनुसूची—२
## न्यूनतम सुरक्षा मापदण्ड

- Fire Extinguisher
- First Aid Box
- Waste Oil Tank
- Safety Gloves
- Safety Shoes
- Emergency Exit
- CCTV System

## अनुसूची–३
## अनुगमन चेकलिष्ट

१. अनुमति पत्र तथा नवीकरण अवस्था
२. व्यवसाय स्थलको सरसफाइ
३. सुरक्षा उपकरणको उपलब्धता
४. फोहोर व्यवस्थापन अवस्था
५. श्रमिक सुरक्षा सामग्री प्रयोग
६. ध्वनि तथा धुवाँ नियन्त्रण
७. पार्किङ व्यवस्थापन
८. अग्नि नियन्त्रण उपकरण
९. मूल्य सूची प्रदर्शन
१०. वातावरणीय मापदण्ड पालना

**आज्ञाले**
**टेक बहादुर वली**
**प्रमुख प्रशासकीय अधिकृत**

स्थानीय राजपत्र